## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः २०, माघ ११ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि (दोस्रो संशोधन), २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।१०।७

व्यास नगरपालिकाको साझेदारी कोष सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | कार्यविधिको दफा ५ (घ) पछि (ङ) थप | साझेदारी विकास कोषबाट विभिन्न टोल विकास संस्थामा रहेको उद्यमी र सहकारीलाई ऋण लगानी गर्दा ऋण लिएको रकमको ०.५ प्रतिशत सेवा शुल्क रकम साझेदारी विकास कोषमा जम्मा गर्नुपर्नेछ । |

**आज्ञाले**
**(सुकदेव लम्साल)**
**प्रमुख प्रशासकीय अधिकृत**